# ई-नगर खबर पत्रिका

कोरोना महामारी बिशेषाङ्क प्रकाशन, नेपाल नगरपालिका संघ , गण्डकी प्रदेश

अंक ३ वर्ष १ अवधि २०७८ वैशाख-जेठ

## विषयसूची

√ संयोजक/नगरप्रमुख ई. दिपक बाबु कँडेलको भनाई १
√ मध्यनेपाल नपा.को प्रमुख रमेशकुमार पाण्डेको भनाई २
√ व्यास न.पा.को नगर प्रमुख श्री बैकुण्ठ न्यौउपानेको भनाई ३
√ गैंडाकोट न.पाको नगर उपप्रमुख श्री बिष्णु कुमारी कंडेलको भनाई ३
√ गोरखा न.पाको नगर प्रमुख श्री राजन राज पन्तको भनाइ ४
√ गल्कोट न.पाको नगर प्रमुख श्री भरत शर्माको भनाइ ५
√ फलेवास न.पाको नगर प्रमुख श्री पदमपाणी शर्माको भनाइ ६

## *नेपाल नगरपालिका संघको संयोजक एंव नगर प्रमुख श्री दिपक बाबु कंडेल सँग पालुङ्टार नगरपालिकामा कोरोना महामारीको रोकथाम र नियन्त्रण र उपचारको क्षेत्रमा भएका अभ्यास सहकार्य र चुनौतीहरूमा गरिएको कुराकानीहरुको केही अंश*

***कोरोना महामारीको रोकथाम र नियन्त्रण के कसरी गरिरहनु भएको छ ?***



पालुङटार नगरपालिका अर्न्तगत १ अस्पताल, ७ स्वास्थ्य चौकी, ५ शहरी स्वास्थ्य केन्द्र, १ आधारभूत स्वास्थ्य केन्द्र र एक छुट्टै प्रसुती केन्द्र रहेका छन् । यि सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा दरवन्दी अनुसार कर्मचारीहरु कार्यरत छन् । कोभिड महामारी रोकथाममा हाम्रा सबै स्वास्थ्यकर्मीहरु दिन रात नभनी अग्रपंतिमा खटिई कार्य गरिरहनु भएकाले स्वास्थ्यकर्मीको अभाव महसुस भएको छैन । पालिकाले महामारी रोकथाम तथा नियन्त्रणको लागि निम्न लिखित कार्यहरु गरिहको छ : सिमा नाकामा हेल्थ डेस्कको स्थापना गरेको छ । जसमा छिमेकी जिल्ला वा शहरबाट आएका मानिसहरुलाई सिमा नाकामानै स्वास्थ्य परिक्षण गर्ने तथा उनिहरुको तथ्याङ्क संकलन गरि वडामा रहेका स्वास्थ्य संस्था र जनप्रतिनिधिलाई खवर गर्ने गरिएको छ ।हाम्रो नगरपालिकामा रहेको एक मात्र आँपपिपल अस्पतालमा एन्टिजेन टेष्टको व्यवस्था गरिएको छ । अस्पतालमै ४ वेडको कोभिड आइसोलेशन र कोभिड शंकास्पद बिरामीहरुको उपचारको लागि १६ वटा बेडको व्यवस्था मिलाईएको छ । नगरपालिकाको वडा नं ४ मा अक्सिजन र औषधि सहित २३ बेड क्षमताको आइसोलेशन सेवा केन्द्र संञ्चालनमा ल्याइएको छ ।समुदायमा रहेका शंकास्पद कोभिड-१९ काबिरामीहरुको PCR जाँचको लागि स्वाब संकलन दैनिक रुपमा समुदायमै पुगेर गर्ने गरिएको छ PCR report positive आएका बिरामीहरुको लागि निःशुल्क एम्बुलेन्सको व्यवस्था गरि अस्पताल/आइसोलेशन केन्द्र सम्म पुऱ्याउने व्यवस्था गरिएको छ । लक्षण नभएका कोरोना संक्रमित बिरामीहरुको लागि सामान्यतया प्रयोग हुने औषधी नगरपालिकाको स्वास्थ्य शाखा र नजिकको स्वास्थ्य संस्थामार्फत बिरामीहरु लाई उपलब्ध गराईरहेका छौं । जुनसुकै बेला प्रयोगमा ल्याउन सकिने गरि ६ वटा एम्बुलेन्सलाई तयारी हालतमा राखेका छौं । स्वास्थ्य परामर्शको लागि चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको सम्पर्क नम्बर वेभसाइट तथा पालिकाको फेसबुक पेज लगाएतका सामाजिक संजालमा सार्वजनिक गरिएको छ ।

***कोरोना महामारीको प्रतिकार्य र व्यवस्थापनमा देखा परेका प्रमुख चुनौतिहरु केके हुन ?***

समुदायमा रहेका मानिसहरुले स्वास्थ्य सुरक्षा मापदण्डलाई कडाइका साथ पालना नगर्नु, साथै पिसिआर स्वाब परिक्षणको लागि दिएका मानिसहरु रिपोर्ट नआउँदै समुदायमा घुलमिल भैदिने गरेकाले समस्या परेको छ । कोरोना संक्रमितलाई समाजले हेय दृष्टिले हेर्ने भएकाले कोरोनाको लक्षण देखिदा पनि PCR test गर्न नमान्ने र जटिल समस्या परेपछिमात्र जाँच गर्ने हुँदा उपचारमा गाह्रो भएको छ । हाम्रो नगरपालिका अर्न्तगतको अस्पतालमा उपचार सम्भव नहुने कोरोनाका जटिल किसिमका बिरामीलाई रेफर गर्दा ठूला अस्पतालमा बेड पाउन कठिन भएको छ । पिसिआरको लागि स्वाब संकलन गरि परिक्षणको लागि पठाउँदा लामो समयसम्म पनि रिर्पोट प्राप्त नहुँदा बिरामी आइसोलेट गर्न र उपचार प्रक्रियामा असहज भएको छ ।

***सरकारी निकाय, संस्थाहरु र अन्य साझेदार निकायहरु बिचको समन्वयको अवस्था कस्तो छ ? यसबाट तपाई कत्तिको सन्तुष्ट हुनुहुन्छ ?***

संघिय तथा प्रदेश सरकारले उचित रुपमा स्थानिय तहलाई स्वास्थ्य उपचारमा आवश्यक पर्ने उपकरण र औषधीहरु व्यवस्थापन नगर्दा उपचारमा असहज भएको छ । अन्य संघ, संस्था र विभिन्न व्यक्तिहरुले व्यक्तिगतरुपमा स्वास्थ्य सुरक्षाका उपकरणहरु सहयोग गरिरहनु भएको छ । संघिय तथा प्रदेश सरकारले अहिलेको अवस्थामा स्वास्थ्यक्षेत्रमा गरिरहेको कार्यहरु सन्तोषजनक छैन ।

प्रधान सम्पादन संयोजक/नगरप्रमुख ई.दिपक बावु कंडेल सम्पादन सन्तोष दनाइ (मो ९८५६०४६२०६ danai.santosh@gmail.com

# नेपाल नगरपालिका संघको केन्द्रीय सदस्य एंव नगर प्रमुख श्री रमेश कुमार पाण्डे सँग मध्यनेपाल नगरपालिकामा कोरोना महामारीको रोकथाम र नियन्त्रण र उपचारको क्षेत्रमा भएका अभ्यास सहकार्य र चुनौतीहरुमा गरिएको कुराकानीहरुको कही अंश

## सम्पादकीय

कोरोना भाइरसको दोस्रो लहर कोभिड १९ को संक्रमण तिब्र रुपमा बढीरहेको छ।छिमेकी राष्ट्र भारतमा कोरोना भाइरसको दोस्रो लहरको संक्रमण तिब्र रुपमा फैलिएपछि नेपालमा पनि दोस्रो भाइरसले निकै तिब्ररुपमा संक्रमण फैलियो । खुल्ला सिमाना , रोजगारको साथै सामाजिक संस्कृति जस्ता सहजता र खुल्ला सिमावारपारको कारणले मित्र राष्ट्र भारतमा फैलिएको दोस्रो लहर कोभिड-१९ नेपालमा अनियन्त्रित रुपमा छिटै फैलिन गई पहिलो भाइरसले भन्दा दोस्रो लहरको कोभिड-१९ ले नेपालमा निकै प्रभाब पारेको अबस्था छ।स्थानीय सरकारले सिमित स्रोत र साधानको भरमा कोरोना महामारी नियन्त्रण , रोकथाम र व्यवस्थापन गर्न निकै कठिन भईरहेको अबस्थामा स्थानीय सरकारका प्रमुख, उपप्रमुख र कर्मचारीहरुको कुशल व्यबस्थापनले बिस्तारै क्रमिक रुपमा नियन्त्रण हुदै छ। यस्ता माहमारीहरुको नियन्त्रण,रोकथाम र व्यवस्थापन गर्न तीन तहको सरकार मध्यमा जनताको सबै भन्दा नजिकको सरकार स्थानीय सरकार लाई स्रोत साधान सम्पन्न बनाउनु आजको आबश्यकता हो ।

**धन्यवाद !**

### ***कोरोना महामारीको रोकथाम र नियन्त्रण के कसरी गरिरहनु भएको छ ?***




विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारीको रोकथाम र नियन्त्रण गर्नका लागि मध्यनेपाल नगरपालिकाले निम्न बमोजिमको कार्य गरी अगाडी बढि रहेको कुरा सम्पूर्ण नगर बासीहरुमा व्यक्त गर्न चाहान्छु । कोरोना अहिलेको सबैभन्दा ठूलो चुनौती र समस्याको रुपमा देखा परेको छ । यसको रोकथाम अहिलेको जटीलता हो र यसको समाधान हाम्रो कर्तव्य हो ।

### ***मध्यनेपाल नगरपालिकाले कोरोना रोकथामको लागि थालेका कदमहरु:***

मध्यनेपाल नगरपालिकाले कोभिड-१९ को रोकथामका लागि नगरपालिकाले एम.वि.वि.एस डाक्टर सहित कोभिड अस्पताल स्थापना गरेको छ । जहाँ अक्सिजन र आवश्यक औषधी व्यवस्थापन समेत गरिएको छ । नगरपालिकाले कोभिड-१९ रोकथाम गर्नको लागि घुम्ती पिसिआर सेवा तथा घर-घरमा गई एन्टिजिनबाट कोरोनाको परिक्षण गर्न थालिएको छ । नगरपालिकाले कोरोना सचेतना कार्यक्रम तथा संक्रमितहरुलाई हौसला प्रदान गर्न नगर प्रमुख रस्वास्थ्यकर्मीहरुको टोली घर-घरमा पुगेर समस्या समाधान गर्न र हौसला प्रदान गर्न नगरपालिका सफल भएको छ । नगरपालिकाका नगर प्रमुखज्यूको अध्यक्षतामा नगर स्तरीय समिति तथा वडा अध्यक्षको अध्यक्षतामा वडा समिति गठन गरिएको छ । नगरपालिकाले कोभिड भ्याक्सीन आँफैले खरिद गर्न स्वास्थ्य मन्त्रालयलाई स्विकृतको लागि आवश्यक पहल गर्न सिफारिस माग गरिएको छ । जेष्ठ नागरिक तथा दीर्घ रोगी, असहायहरुलाई औषधी निःशुल्क दिने व्यवस्था नियमित गरिएको छ ।

नगरपालिकाले कोभिड रोगबाट संक्रमित बिरामीहरुको लागि जो गरिब छन् तिनीहरुको अवस्था हेरेर उपचार खर्च स्वरुप रु ५ हजार देखी २५ हजार सम्म दिने व्यवस्था गरिएको छ । नगरपालिकाले निजी अस्पतालसँग सम्झौता गरीपरिक्षण दायरा बढाएको छ ।नगरपालिकाले कोभिड १९ मा खट्ने स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहन भत्ताको व्यवस्था गरेको छ ।जेष्ठ नागरिक तथा दीर्घ रोगी, असहायहरुलाई औषधी निःशुल्क दिने व्यवस्था नियमित गरिएको छ ।नगरपालिकाले कोरोना सम्बन्धी सचेतना जगाउने कार्यक्रम, माइकिङ्ग, जिङ्गल बजाएर, व्यानर टाँसेर आदी जस्ता गरेर कोरोना सम्बन्धी सन्देश फैलाएको छ ।

### ***कोरोना महामारीको व्यवस्थापनमा देखा परेका प्रमुख चुनौतिहरु के के हुन ?***

संघीयता अनुरुप संघ, प्रदेश र स्थानीय तह बीच तालमेल नहुनु,आर्थिक पाटोमा समस्या,दक्ष जनशक्तिको कमी,सचेतनाको कमी, सरकारको ठोस नीति नहुनु,

### ***सरकारी निकाय, संस्थाहरु र अन्य साझेदार निकायहरु बिचको समन्वयको अवस्था कस्तो छ ?***

सरकारी निकाय, संस्थाहरु र अन्य साझेदार निकाय बिचको समन्वयको अभाव देखिएको छ । कोरोना भ्याक्सीनको लागि स्थानीय तहलाई भ्याक्सीन ल्याउने वातावरण केन्द्रीय सरकारले गर्नुपर्ने देखिन्छ त्यसको साथसाथै दक्ष जनशक्तिको व्यवस्थापन गर्नको लागि वातावरण बनाउनु पर्ने देखिन्छ । तर यि सबै कुरामा समन्वयको अभाव भएको देखिन्छ ।

प्रधान सम्पादन संयोजक/नगरप्रमुख ई.दिपक बावु कंडेल सम्पादन सन्तोष दनाइ (मो ९८५६०४६२०६ danai.santosh@gmail.com

## नगर प्रमुख श्री बैकुण्ठ न्यौउपाने सँग व्यास नगरपालिकामा कोरोना महामारीको रोकथाम र नियन्त्रण र उपचारको क्षेत्रमा भएका अभ्यास सहकार्य र चुनौतीहरुमा गरिएको कुराकानीहरुको केही अंश

### *कोरोना महामरीको रोकथाम र नियन्त्रण के कसरी गरिरहनु भएको छ ?*



कोरोना महामारीको रोकथामको लागि नगरपालिकाले पि.सि.आर, एन्टिजेन परिक्षणको दायरालाई बढाएको छ । निःशुल्क पि.सि.आर परिक्षणमा वैशाख र जेठ महिनामा मात्र ९१० जनाको निशुल्क परिक्षण गरिएकोमा महिला १५५, पुरुष १७८ समेत गरी ३३३ संक्रमित देखिएका छन । अन्यत्र बाट संक्रमित पुष्टि भएका १९५ समेत जम्मा ५२८ संक्रमित देखिएका छन । जस मध्ये २०७८/०२/१७ सम्म पुरुष ८ र महिला ६ समेत १४ जनाको मृत्यू भएको , ३२९ निको भएको र १८५ जना उपचाररत हुनुहुन्छ । व्यास नगरपालिकामा प्रदेश अन्तरगतको दमौली अस्पताल रहेकाले उक्त अस्पतालले २५/२६ जनाको उपचार गरि रहेको र व्यास नगरपालिकाले आफ्नै खर्चमा एम.बि.बि.एस डाक्टर समेतको व्यवस्थापन गरि ५०वेड क्षमताको सामुदायीक आईसोलेसन केन्द्र(Community Isolation Center) सञ्चालन गरेको छ । पि.सि.आर स्वाव संकलन गरे पछि परिक्षणका लागि लमजुङ, गोर्खा, तनहुँले पोखरा लैजानु पर्ने र प्रतिवेदन आउन ढिला हुने अबस्थालाई मध्यनजर गरि पि.सि.आर परिक्षण प्रयोगशाला नगरपालिकामानै स्थापना गर्ने काम भइरहेको छ

### कोरोना महामारीको प्रतिकार्य र व्यवस्थापनमा देखा परेका प्रमुख चुनौतिहरू के के हुन ?

कोरोना महामारीको प्रतिकार्य र व्यवस्थापनमा देखिएका प्रमुख चुनौतिहरुमा आम नगरबासी पि.सि.आर परिक्षणका लागि तयार नहुन, परिक्षणका लागि स्वाव संकलन गरेर पठाउदाँ परिक्षण प्रतिवेदन आउन ढिलाइ हुनु यो अलमलको समयमा विरामीको अबस्था जटिल भई सक्ने, अक्सिजन उपलब्धता समेतका अस्पताल व्यवस्थापन हुन । नसक्दा मृत्यू दर बढेको अबस्था छ ।

मृत्यू पछिको अन्तिम संस्कारमा पनि अबरोध आइरहेका छन । सावधानी, सचेतना, आवश्यक तयारीका प्रति आम नागरीक, जिम्मेवार निकाय समयमै सतर्क रहनु आवश्यक छ । स्थानीय तहको श्रोत, साधन र क्षमताले यो कठिन एवं अनिश्चित युद्दामा होमिन कठिन छ । सबै जिम्मेबार र दोष स्थानीय तहलाई मात्र दिने अबस्था सृजना भएको छ ।

### *सरकारी निकाय, संस्थाहरु र अन्य साझेदार निकायहरू विचको समन्वयको अबस्था कस्तो छ ? यसबाट तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?*

तनहुँमा सबै पालिकाहरु विच सद्भावपुर्ण सहभागिता रहेको छ । सबै पालिकाको सहयोगमा जि.पि कोइराला स्वास प्रस्वास अस्पताल बेलचौतारामा ७२ लाख बराबरको कोभिड अस्पताल भवन बनाईएको छ । व्यास न.पा वडा नं १० दुम्सी बजारमा हुने पि.सि.आर प्रयोगशालामा पनि साझेदारी हुने प्रतिबद्दता रहेको छ । विभिन्न सामाजिक संघ संस्थाहरुको सहयोग प्राप्त भएको छ । सरकारी कार्यालयहरु अधिकांश संघ सरकारको परिपत्र लाई नै मुल मन्त्र मानी स्थानीय तह लाई सबै जिम्मेवारी थुपार्ने प्रयासमा देखिन्छ ।कतिपय समस्याहरु आपसी छलफल बाट समाधान हुदै आएका छन । उलेख्य सहयोग र असहयोग भन्ने खासै छैन तर यो महामारीको युद्मा सरकारी संयन्त्रबाट श्रोत साधनको सहयोग प्राप्त छैन । शान्ति सुरक्षा कायम गर्ने कार्यमा पुरानै मानसिकताले प्र.जि.अ कैसंयोजनमा बनाईएका DCCMC मा जनप्रतिनिधिहरुको उपस्थिति हुने प्रावधान छैन । कर्मचारी तहको मात्र सहभागिता रहने जिल्ला संकट व्यवस्थापन समितिलाई पुनः संरचना गर्न आवश्यक छ । हालाई मात्र दिने अबस्था सृजना भएको छ ।

## नेपाल नगरपालिका संघ गण्डकी प्रदेशको सदस्य एंव नगर उपप्रमुख श्री बिष्णु कुमारी कंडेल सँग गैंडाकोट नगरपालिकामा कोरोना महामारीको रोकथाम र नियन्त्रण र उपचारको क्षेत्रमा भएका अभ्यास सहकार्य र चुनौतीहरुमा गरिएको कुराकानीहरुको केही अंश

### *कोरोना महामारीको रोकथाम र नियन्त्रण के कसरि गरिरहनु भएको छ ?*



विश्वव्यापी रुपमा फैलिरहेको महामारीमा यस नगरपालिकाबाट कोरोना नियन्त्रण साथै रोकथामका लागि उल्लेख्य कार्यहरु भैरहेका छन् : कोरोना रोकथामको लागि यस नगरपालिकाको नगर अस्पतालमा २० बेडको अक्सिजन सहितको आइसोलेशन तयार गरि संक्रमितहरुको उपचार भैरहेको छ । यदि आवश्यक परेको खण्डमा आइसोलेशनको संख्या वृद्धि गरि ५० बेड सम्म पुर्याउने सक्ने तयारि अवस्थामा रहेको जानकारी दिन चाहन्छु । जोखिम युक्त अवस्थामा रहेका संक्रमितहरुलाई भरतपुर स्थित विभिन्न अस्पतालहरुमा रेफर गर्ने गरिएको छ । ३ वटा एम्बुलेन्सहरु मार्फत यस संकटग्रस्त अवस्थामा विरामीहरुलाई अस्पताल सम्म ल्याउने लैजाने कार्यका लागि निरन्तर रुपमा निशुल्क सेवा प्रदान भैरहेको छ जसमध्ये २ वटा कोरोना संक्रमण पुष्टि भएका व्यक्तिहरुका लागि भने १ वटा गर्भवती महिलाहरुको लागि प्रयोग हुदै आएको छ । यस नगरपालिकाका विभिन्न वडाहरुमा रहेका वडा स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुमा तत्काल लक्षण देखिएका विरामीहरुको एन्टीजेन्ट परिक्षण भैरहेको छ साथै सबै वडाहरुमा एकचरणको एन्टीजेन परिक्षण सम्पन्न भैसकेको अवस्था छ । सामान्य लक्षण देखिएका धेरै जसो संक्रमितहरुलाई आ(आफ्नो घरमा आइसोलेशन व्यवस्थापन गर्न सल्लाह सुझाव तथा प्राविधिक सहयोग प्रदान हुदै आएको छ साथै नियमित रुपमा स्वास्थ्यकर्मीको निगरानी समेत भैरहेको छ ।संक्रमितहरुको लागि रोग प्रतिरोधात्मक लगायतका आयुर्वेदिक औषधिहरु घर-घरमा पुर्याउने कार्य भैरहेको छ । नगरवासीहरुको चेतना अभिवृद्धिका लागि मिडियाको अधिकतम प्रयोग भैरहेको छ ।**क्रमश......**

समय समयमा विपद व्यवस्थापनको बैठक बसी आवश्यकता अनुसारको निर्णय भैरहेको छ

***कोरोना महामारीको प्रतिकार्य र ब्यबस्थापनमा देखा परेका प्रमुख चुनौतिहरु के के हुन ?***

उच्च जोखिमा रहेको यस नगरपालिकामा कोरोना महामारीको प्रतिकार्य र व्यवस्थापनमा देखा परेका प्रमुख चुनौतिहरु भन्नु पर्दा :गण्डकी प्रदेशको अन्तराष्ट्रिय सिमा नाका जोडिएको जिल्ला तथा जिल्ला भित्रको नगरपालिका हुनाले छिमेकि मुलुकबाट आउने मानिसहरुको व्यवस्थापन गर्न कठिनाई भैरहेको छ । यस स्थानीय तहको विच भागबाट पूर्व पश्चिम राजमार्ग गएको तथा प्रदेश नाका जोडिएको हुनाले सवारी साधन व्यवस्थापनमा पनि कठिनाई भइरहेको छ । नेपालिहरुको धार्मिक संकार अनुसार गरिने विभिन्न क्रियाकलापहरुको कारण पनि संक्रमण फैलिने दर उच्च रहेको छ । साथै स्थानीय स्तरमा समेत संक्रमण फैलिरहेको अवस्थामा कतिपय व्यक्तिहरुबाट कोरोना संग मिल्दोजुल्दो लक्षण देखिएता पनि समयमा खबर नगर्ने, घरमानै बसिरहने, डाक्टरको सल्लाह विना आफूखुशी औषधि सेवन गर्ने तथा समुदायमा घुमफिर गरिरहने प्रवृत्तिले गर्दा जोखिम बढिरहेको अवस्था छ । जिल्ला प्रशासन कार्यालयबाट जारि निषेधाज्ञा तथा स्वास्थ्य मापदण्ड पूर्णरुपमा पालना नगर्ने प्रवृत्तिले गर्दापनि जोखिम बढिरहेको अवस्था छ ।

***सरकारी निकाय, संस्थाहरु र अन्य साझेदार निकायहरु विचको समन्वयको अवस्था कस्तो छ ? यसबाट तपाइ कतिको सन्तुष्ठ हुनुहुन्छ ?***

यस विषम परिस्थितिमा सरकारी निकाय र अन्य संघ सस्था बाट समन्वय तथा सहयोगी भावना रहेको पाहिन्छ साथै विभिन्न व्यक्तिहरुले नगद लगायत स्वास्थ्य सामाग्रीहरु सहयोग स्वरूप प्रदान गरिरहेका छन् उहाँहरुलाई धन्यबाद दिन चाहन्छु तथापि अझैपनि प्रयाप्त नरहेको महसुस भैरहेको छ । कोभिडको कारणले गर्दा रोजगारी गुमाएका श्रमिक तथा उपचारको अभावमा ज्यान जोखिममा परेका समुदायहरुलाई स्थानीय तहको सहयोगले मात्र प्रयाप्त नहुने हुँदा राज्यबाट पनि यसको नियन्त्रणमा अझै उत्तरदाहि भूमिका निर्वाह हुनुपर्नेमा मेरो जोड छ ।

## नगर प्रमुख श्री राजन राज पन्त सँग गोरखा नगरपालिकामा कोरोना महामारीको रोकथाम र नियन्त्रण र उपचारको क्षेत्रमा भएका अभ्यास सहकार्य र चुनौतीहरुमा गरिएको कुराकानीहरुको केही अंश

***कोरोना महामारीको रोकथाम र नियन्त्रण के कसरि गरिरहनु भएको छ ?***



२०७८ बैशाख २१ गते हेल्थ डेस्क राजमार्गको नगर प्रवेश नाकामा स्थापना गरिएको छ । २१ गते राती १२ बजेबाट न.पाको सिफारिसमा नगरक्षेत्र भित्र निषेधाज्ञा जारी गरिएको र पी.सि.आर परिक्षणको दायरा बढाएर सबै वार्डस्तर सम्म पुर्याइएको साथै एन्टीजेन मार्फत पनि परिक्षण गरिएको, पहिचान भएका कोरोना संक्रमितहरुलाई होम आइसोलेसनमा स्वास्थ्यकर्मीको निगरानीमा राखिएको र स्वास्थ्यमा समस्या भएका बिरामीहरुलाई घरबाट अस्पताल निःशुल्क पुर्याइएको ३ वटा कोभिड म्यानेजमेन्ट टिम परिचालित गरिएको दुई वटा कन्ट्याक्ट ट्रेसिंङ र स्क्रिनिङ टीमको व्यवस्था गरिएको गोरखा अस्पतालमा रहेको भवनको न.पा मार्फत सुधार गरी १२ बेड स्थापना गर्ने गरी आइसोलेसन स्थापना गरिएको न.पाको लगानीमा अक्सिजन सहित स्वास्थ्य सामाग्री र औषधिजन्य सामाग्रीको पर्याप्त व्यवस्था गरिएको, हाल संक्रमितको पहिचान र उपचारका कारणले संक्रमण समुदाय स्तरमा फैलन नपाएको एकजना एम.बि.बि.एस डाक्टर करारमा लिइएको छ । ३० बेडको आइसोलेसन तयारी अवस्थामा राखिएको छ ।

***कोरोना महामारीको प्रतिकार्य र ब्यबस्थापनमा देखा परेका प्रमुख चुनौतिहरु के के हुन ?***

प्रतिकार्य र व्यवस्थापनमा गत वर्षको अभ्यासलाई निरन्तरता दिइएको काठमाडौं लगायत संक्रमित भएकाहरुलाई बाहिर जान दिने निर्णयले र साथै मित्रराष्ट्र भारतबाट आएका व्यक्तिहरु सिधै समाजमा पुगेकाले र पहिचान गर्न नसकिएकोले केहि संक्रमण फैलन पुगेको र त्यसलाई सुरुमै व्यवस्थापन गर्न केहि कठिनाई परेको छ । ठूला सामुदायिक भवनहरु नभएकोले आइसोलेसन व्यवस्था गर्न केहि ढिलाई भएको छ । गोरखा सदरमुकाममा रहेको एक मात्र सरकारी अस्पताल निर्माणाधीन रहेकोले अस्पतालमा समेत शुरुवातमा उपचार व्यवस्थापनमा कठिनाई भएको छ ।

***सरकारी निकाय, संस्थाहरु र अन्य साझेदार निकायहरु विचको समन्वयको अवस्था कस्तो छ ? यसबाट तपाइ कतिको सन्तुष्ठ हुनुहुन्छ ?***

सरकारी निकाय मध्ये प्रदेश सरकार र केन्द्र सरकारबाट खासै सहयोग प्राप्त नभएको छ । प्रदेशले दिएको अनुदानमा न.पालाई छुटाईएको, कुनै पनि सामाग्री प्राप्त नभएको हो । यसले स्थानीय तहलाई व्यवस्थापन गर्न कठिन भएको छ । अन्य स्थानीय संस्थाहरुबाट प्राप्त सहयोग सन्तोषजनक रहेको छ । जिल्लामा रहेको सरकारी निकाय बीच समन्वय रहेको छ । यी कार्यमा आंशिक सन्तुष्टि रहेको छ ।

# नेपाल नगरपालिका संघ गण्डकी प्रदेशका सदस्य एंव नगर प्रमुख श्री भरत शर्मा सँग गल्कोट नगरपालिकामा कोरोना महामारीको रोकथाम र नियन्त्रण र उपचारको क्षेत्रमा भएका अभ्यास सहकार्य र चुनौतीहरुमा गरिएको कुराकानीहरुको केही अंश



***कोरोना महामारीको रोकथाम र नियन्त्रण के कसरि गरिरहनु भएको छ ?***

सर्वप्रथम त चिनको वुहान प्रान्तबाट सुरु भएको यस कोरोना भाइरस (कोभिड-१९) युरोप, भारत हुँदै नेपालमा पनि यसको असर संक्रमण देखा पर्नसाथ नेपाल सरकारबाट निर्देशित सम्पुर्ण नियम लागु गरी स्थानिय सरकारको नाताले आफ्नो पालिका भित्र यस भाईरसलाई रोकथाम तथा नियन्त्रण गर्नका लागी यस पालिकाभित्र प्रवेश गर्ने (भारत लगायत तेस्रो मुलुक र देशकै संक्रमण बढ्दै गइरहेको सहरबाट फर्कने नागरिकहरुको पहिचान गरि उनिहरुलाइ यस नगरपालिका र नगरपालिका भित्रका सम्पुर्ण वडाहरुमा निर्माण गरिएका क्वारेन्टाइनमा राखी कोभिड परिक्षण गरेर मात्र समुदायमा घुलमिल गर्न दिईयो र परिक्षणमा संक्रमण देखिएका विरामिहरुलाइ नगरले स्थापना गरेको आइसोलेसनमा (नगरले स्थापना गरेको अस्थाइ कोभिड अस्पतालमा) उपचार गराउने कार्य गरियो) । यो सँगै यस नगरपालिकामा पहिलो चरणको महामारीले खासै ठुलो असर पारेको देखियन ।दोस्रो लहर सुरु भएसँगै जसरी देशव्यापिरुपमा संक्रमण दर अत्याधिक बढिरहेको छ । त्यसैगरि यस नगरमा पनि संक्रमण फैलिन सक्छ भनेर तत्कालै यस कार्यपालिकाको बैढक बसि नगरभित्र अति आवश्यक बाहेकका सम्पुर्ण कामकाज र यातायातका साधन सञ्चालनमा रोक लगायौं जुन आजसम्म पनि निरन्तर छ । नगरपालिकाको भौगोलिक अवस्थालाइ समेत मध्यनजर गरि संक्रमणको लक्षण देखिएका नागरिकहरुलाई प्रत्यक वार्डमा आवश्यकता अनुसार मुकाम खडा गरि निशुल्क स्वाव संकलन गर्ने र परिक्षणको लागी क्षेत्रिय प्रयोगशाला पोखरासम्म र बाग्लुङ प्रादेशिक अस्पतालको ल्यावमा पठाउने लगाएत आवश्यकता अनुसार तत्कालै एन्टिजेन परिक्षण गर्ने र स्थानिय तहमा रहेका पोलिक्लिनिक तथा अस्पतालसँग समन्वय गरि आवश्यक औषधि व्यवस्थापन गर्ने, नगर अन्तर्गत रहेका ८ वटा स्वास्थ्य चौकी संथाहरुमा फिवर क्लिनिक संचालन गर्ने र अक्सिजन लेभल हेर्नका लागी अक्सिमिटर उपलब्ध गराइ अक्सिजन घटेका विरामीहरुलाइ तत्काल अस्थाइ कोभिड अस्पतालमा निशुल्क एम्बुलेन्स सेवा मार्फत लैजाने र उपचार सेवा प्रदान गरिएको छ । यसैगरि विरामिहरुको उपचारको सवालमा हामीले स्थापना गरेको अस्थाई कोभिड अस्पताललाइ स्तर उन्नति गरि अक्सिजन सहित ११ सैयाको अस्पताल निर्माण गरिएको र विरामिहरुलाइ सहज यातायातको पहँच पुराउनको लागी नगरले ३ वटा एम्बुलेस सेवा सञ्चालन गरिरहेको छ । जटिल समस्या देखिएका विरामिहरुलाइ धौलागिरि अञ्चल अस्पताल बाग्लुङदेखि सहरका विभिन्न अस्पतालहरुमा उपचारको लागी सीफारिस सँगै सहजिकरण गरिरहेका छौं । स्वास्थ्यकर्मि र जनप्रतिनिधिहरु नागरिकको घर(घरमा पुगी जनचेतना लगायत यसबाट बच्ने उपाय र गर्नुपर्ने कार्यहरुको बारेमा प्रत्यक नागरिकहरुलाई सचेत गराइरहेका छौं ।

***कोरोना महामारीको प्रतिकार्य र ब्यबस्थापनमा देखा परेका प्रमुख चुनौतिहरु के के हुन ?***

पछिल्लो समय संक्रमणदर समुदाय स्तरमा व्यापक फैलियको अवस्थामा विभिन्न अस्पतालमा विरामिको मृत्यु भएमा नेपाल सरकार र नेपाली सेना, प्रहरी लगाएतले सव व्यवस्थापन गर्दै आइरहेको र जुन संक्रमित व्याक्ति होम आइसोलेसनमा मृत्यु हुन्छ त्यो सव व्यवस्थापन गर्न अहिले जटिल समस्या बनिरहेको छ । यसका साथै नागरिकहरुलाइ कोभिडसँग मिल्दो लक्षण देखिएपनि समाज र समुदायबाट अपहेलित भइन्छ कि भन्ने डरले लुकाउने र परिक्षण गर्न नमान्ने जस्ता व्यवहारले समुदायमा अन्य प्रभाव पर्न सक्ने देखिन्छ । उनिहरुलाइ अस्पतालसम्म ल्याएर परिक्षण गराउनका लागी स्वयम जनप्रतिनिधि नागरिकको घर( घरमा पुग्नुपर्ने अवस्था छ ।

***सरकारी निकाय, संस्थाहरु र अन्य साझेदार निकायहरु विचको समन्वयको अवस्था कस्तो छ ? यसबाट तपाइ कतिको सन्तुष्ठ हुनुहुन्छ ?***

विश्व स्वास्थ्य संगठन, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेका सम्पुर्ण अपिल र नियमहरुलाइ कार्यान्वयन गर्दै स्थानियरुपमा जिल्ला प्रशासन, स्थानिय प्रशासन र जनप्रतिनिधिलगायत सम्पुर्ण संघसंथा सबैको सहकार्य र समुन्वयमा यस महामरीसंग लडिरहेको र नियन्त्रणमा लागिरहेको साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंथाहरुले पनि यस पालिकाभित्र महामारी नियन्त्रणकालागी आर्थिक, भौतिक लगाएक विभिन्न प्रकारका सहयोगहरु उपलब्ध गराइरहनु भएको छ । यस बाट पनि सबै निकायको समुन्वय र साझेदारी भएको कुरा प्रष्ट हुन्छ । यस महामारी सँग जुध्न र व्यवस्थापन गर्नमा सक्षम हुँदै गइरहेका छौं र यसबाट हामी सन्तुष्ट छौं ।

**प्रधान सम्पादन** संयोजक/नगरप्रमुख ई.दिपक बावु कंडेल **सम्पादन** सन्तोष दनाइ (मो ९८५६०४६२०६ danai.santosh@gmail.com

# नेपाल नगरपालिका संघका सचिवालय सदस्य एंव नगर प्रमुख श्री पदमपाणी शर्मा सँग फलेवास नगरपालिकामा कोरोना महामारीको रोकथाम र नियन्त्रण र उपचारको क्षेत्रमा भएका अभ्यास सहकार्य र चुनौतीहरुमा गरिएको कुराकानीहरुको केही अंश

***कोरोना महामारीको रोकथाम र नियन्त्रण के कसरि गरिरहनु भएको छ ?***




कोरोना भाईरसको महामारी रोकथाम, नियन्त्रणका लागि जनताको नजिकमा रहेर स्थानीय सरकारबाट काम भएको छ । जनताको सुख दुःखमा अहोरात्र खटि कार्य गर्ने स्थानीय तहका संरचना एवं जनप्रतिनिधिहरुको महत्वपूर्ण भूमिका रहेको छ । कोरोना भाइरस महामारीको रोकथाम, नियन्त्रण र नगरवासीको उपचारका लागि फलेवास नगर कार्यपालिकाका सवै संरचनाहरु क्रियाशिल रहेको छन । फलेवास नगरपालिकाले कोरोना महामारी रोकथाम, नियन्त्रण र नगरवासीको उपचारका लागि वुंदागत रुपमा देहाय अनुसारका काम भएका छन । नगर तहमा नगर प्रमुखको संयोजकत्वमा २७ सदस्यीय कोरोना भाइरसको रोकथाम तथा नियन्त्रण समन्वय समिति क्रियाशिल रहेको छ। यसै वर्ष नगरले स्थापना गरेको फलेवास नगर अस्पतालमा अक्सिजन सिलिन्डर सहितको १५ वेड व्यवस्थापन गरी कोरोना अस्पतालको रुपमा विरामीको उपचार । २ वटा एम्वसलेन्स, १ वटा जिप व्यवस्थापन गरी विरामीहरुलाई निशुल्क रुपमा अस्पताल सम्म पुग्ने र नगर अस्पतालमा निशुल्क रुपमा उपचार हुने व्यवस्था गरिएको छ । नगर प्रमुखको नेतृत्वमा नगर अस्पताल, धुलिखेल अस्पतालका डाक्टर एवं स्वास्थ्य प्राविधिकहरु रहेको मोवाईल मेडिकल टिम संक्रमण क्षेत्र, समुदाय र घरपरिवार तहमा परिचालित रहेको छ। नगर तहमा स्वास्थ्य शाखा प्रमुखको संयोजकत्वमा तत्काल उद्धारका लागि ९ सदस्यीय (RRT) समिति

दैनिक रुपमा एन्टिजिन परिक्षण र साप्ताहिक रुपमा पि.सि.आर. परिक्षण गरि संक्रमण देखिएको क्षेत्रमा रोकथाम र उपचारका कार्यक्रम कार्यान्वयन गर्दै आएको छ । भने समुदाय तहमा संक्रमणको अवस्था पहिचान गर्न टोल तथा वडा तहमा घुम्ति परिक्षण नियमित रुपमा संचालन हुंदै आएको छ ।

सवै ११ वटै वडामा वडा स्तरीय समन्वय समिति, ८७ वटा टोलमा ३ देखि ५ सदस्यीय (टोल संयोजक, स्वास्थ्य स्वयंसेविका, सामाजिक अभियान्ता, स्थानीय शिक्षक सहितको स्वयंसेवक टोली गठन गरी परिचालन र अनुगमन समिति क्रियाशिल रहेको छ । नगरका ५७२६ घरधुरी र संघसंस्था, कार्यालयमा सचेतना, टोल विकास संस्था र स्थानीय शिक्षक परिचालन गरी होम क्वारिन्टाइन, आइश्युलेशन व्यवस्थापन र स्वास्थ्य मापदण्ड पालना गर्न अनुरोध पत्र सहित स्वास्थ्य सरसफाईका सामाग्री वितरण । सचेतना, लकडाउनको सन्देश प्रवाहका लागि ११ वटै वडा र टोल टोलमा माईकिङ्ग, रेडियो तथा सञ्चार माध्यमवाट प्रचार प्रसार । ११ वटै वडाका स्वास्थ्य संस्थाहरुमा रुघा खोकी तथा ज्वरो लगायतको अत्यावश्यक औषधी, व्यक्तिगत सुरक्षा सामाग्री (PPE), व्यवस्थापन । विदेश र प्रभावित क्षेत्रवाट आएका व्यक्तिहरुको तथ्यांक संकलन, विदेशवाट आएकालाई सम्पर्क, भेटघाट र होम क्वारेन्टाइनमा वस्ने वातावरण सृजना । नगरमा ५५ वेडको नगर स्तरीय क्वाइन्टाइम व्यवस्थापन र ८७ वटा टोलमा टोल विकास संस्थाको नेतृत्वमा एक टोल एक क्वारेन्टाइन व्यवस्थापन नगर तथा वडाको मुख्य वजार केन्द्रमा अनुगमन र सचेतना, नगर भित्र चाहिने अत्यावश्यक खाद्यन्न लगायतका सामाग्रीको लागि पूर्व तयारी, अतिविपन्न तथा मजदुरी गर्ने परिवारको खाद्यसमस्यालाई मध्यनगर गरी वास्तविक ज्यालामजदुरी गर्ने परिवारलाई खाद्य सुरक्षा कार्यक्रमका लागि रु.३० लाखको खाद्यान्न वितरण ।नगर तहमा ७० लाखको विपत व्यवस्थापन कोषको शुरुवात गरी परिचालन, शिक्षक कर्मचारी र सर्वसाधारणवाट राहात कोषमा रकम जम्मा गर्ने कार्य जारी रहेको छ। स ं त्र ॅ ि म त व्यक्तिहरुलाई दैनिक रुपमा सम्पर्क गरी स्वास्थ्य अवस्था र असहज अवस्थाको वारेमा सम्पर्क समन्वय हुने गरेको छ। स्वास्थ्य चौकी, टोल स्तर र वडावाट दैनिक नगरमा रिर्पोटिङ संरचना निर्माण तथा परिचालन ।

***कोरोना महामारीको प्रतिकार्य र ब्यबस्थापनमा देखा परेका प्रमुख चुनौतिहरू के के हुन ?***

नेपालमा भर्खर मात्र पुनसंरचना भई स्थापना भएका स्थानीय सरकारहरुको पूर्वाधार, अनुभव र दरिलो संस्थागत संरचनाको विकास भई सकेको छैन । नयाँ संरचना अनुसार पहिलो पटक निर्वाचित जनप्रतिनिधिहरुले परिवर्तित व्यवस्था अनुसार कार्यसम्पादन र परम्परागत रुपमा चल्दै आएको एकात्मक राज्य व्यवस्थाको अभ्यासलाई छोड्दै नयाँ व्यवस्था कायम गर्नु चुनौतिको विषय हो । जनताले सहज रुप्मा प्रत्यक्ष भेट्न सक्ने, समस्या राख्न सक्ने, गुनासा पोख्न सक्ने र संविधानप्रद्धत्त मौलिक हकको माग गर्न सक्ने नजिकको सरकार स्थानीय तह नै हो । आफु, घरपरिवार र समुदायमा केहि समस्या आएमा तुरुन्तै वडा तथा पालिका तहमा सम्पर्क गर्ने गरेका छन । कोरोना भाईरसको महामारीको विश्व र नेपालकै लागि नयाँ रोग हो जसले गर्दा स्थानीय सरकारले मात्र यो रोकथाम र नियन्त्रण गर्न सक्ने विषय होइन । स्थानीय सरकारसंग श्रोत साधन र जनशक्तिको अभाव छ तर जनताको पहिलो सम्पर्क स्थानीय सरकारको यदि स्थानीय सरकारले राम्रो सेवा र सुविधा दिन सकेन भने प्रदेश तथा संघीय सरकारलाई समेत दोष जाने गर्दछ तसर्थ स्थानीय सरकार वलियो भयो भने मात्र जनतालाई सहज रुपमा सेवा सुविधा र सन्तुष्टी दिन सकिन्छ । अहिले स्थानीय तहमा आउने श्रोत साधनले त्यो संवोधन गर्न सक्ने अवस्था देखिदैन । कोरोना भाइरसको महामारीको स्थानीय तहमा प्रतिकार्य र व्यवस्थापनमा देखा परेका प्रमुख चुनौतीहरु देहाय अनुसार छन ।

- *नयाँ संरचना भएको हुंदा पूर्वाधारको कमि*

***क्रमश......***

**प्रधान सम्पादन** संयोजक/नगरप्रमुख ई.दिपक बावु कंडेल **सम्पादन** सन्तोष दनाइ (मो ९८५६०४६२०६ danai.santosh@gmail.com

- *प्राविधिक दक्ष जनशक्तिको अभाव*
- *नयाँ रोग र महामारी नियन्त्रण गर्न जनशक्तिमा अनुभव र दक्षताको कमि*
- *जनताको चाहाना अत्याधिक छ तर श्रोत साधनको कमि*
- *अझ सम्म केन्द्रिकृत मानशिकता रहि रहेको छ संघीय सरकारको तोक र आदेशको खोजी*

***सरकारी निकाय, संस्थाहरु र अन्य साझेदार निकायहरु विचको समन्वयको अवस्था कस्तो छ ? यसबाट तपाइ कतिको सन्तुष्ठ हुनुहुन्छ ?***

- प्रदेश तथा संघीय सरकारको नीतिगत, वजेट व्यवस्थापन, विरामीहरुको उपचार, तथ्यांक तथा प्रगती विवरण अद्यावधिक, अस्पताल व्यवस्थापन, विरामीहरुको रिफरको क्षेत्रमा सहकार्य रहेको छ ।
- फलेवास नगरपालिकामा कोभिड महामारी रोकथाम र नियन्त्रणको लागि सहकार्यमा काम भईरहेको छ । विशेष गरी कोभिड अस्पताल व्यवस्थापन, स्वास्थ्य चौकीहरुमा सामाग्री व्यवस्थापन, कोभिड कोषमा साझेदारी, राहात वितरण तथा पुनरआयआर्जनको क्षेत्रमा सामाजिक संघसंस्थाको साझेदारी रहेको छ ।
- सरकारी निकाय तथा गैरसरकारी संघसंस्थावाट जुन रुपमा सहकार्य र साझेदारी हुनु पर्ने थियो त्यो केहि संघसंस्थावाट भएको देखिन्छ भने केहि सरकारी कार्यालय र सामाजिक संघसंस्थावाट सहकार्य भएको छैन ।
- नीजि क्षेत्रवाट खाद्यन्न, औषधी, अत्यावश्यक सामाग्रीहरु व्यवस्थापन भएको छ ।
- यातायात क्षेत्रवाट निर्माण सामाग्री, खाद्यन्न सामाग्री, अत्यावश्यक सामानको ढुवानी गर्न नगरको सहजीकरणमा सहज रुपमा परिचालन भएको अवस्था छ ।
- सञ्चार क्षेत्रवाट जनचेतना अभिवृद्धि, नागरिकले अपनाउनु पर्ने स्वास्थ्य मापदण्ड संलगायतको क्षेत्रमा नगर कार्यपालिकामा सहकार्य रहेको छ ।

---

## स्थानीय सरकारले कोभिड-१९ को भ्याक्सिन खरिदको लागि अनुमति माग :

***हाल महामारीको रुपमा फैलिएको कोभिड १९ को रोकथाम र व्यवस्थापनको लागि एक मात्र विकल्प कोभिड विरुद्धको भ्याक्सिन भएको हुँदा स्थानीय सरकारले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मार्फत संघ सरकारलाई कोभिड भ्याक्सिन बाहिरबाट खरिद गर्नको लागि अनुमति लिनको लागि अनुरोध गरेका छन् ।***

वालिङ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

वालिङ स्याङजा

पत्र संख्या : २०७७/०७८ गण्डकी प्रदेश, नेपाल

च नं : २४५८ मिति : २०७८/०२/१०

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय।

काठमाण्डौ, नेपाल।

विषयः कोभिड-१९ भ्याक्सिन सम्बन्धमा।

उपरोक्त सम्बन्धमा हाल महामारीको रुप लिइएको कोभिड- १९ न्यू भेरियन्ट अत्याधिक फैलिएको हुदा यस रोगको रोगथामको विकल्प मध्य एक कोभिड विरुद्धको भ्याक्सिन भएको हुदा यस वालिङ नगरपालिकाको नागरिकहरुबाट उक्त भ्याक्सिनको धेरै मात्रामा माग भएकाले यस वालिङ नगरपालिकालाई तहाँबाट भ्याक्सिन उपलब्ध गराई दिनुहुन अनुरोध को साथै यदि तहाँ बाट उपलब्ध गराउन नसकेमा यस वालिङ नगरपालिकाले आफ्नै खर्चमा मापदण्ड अनुसार खरीद गर्ने गरि कोभिड भ्याक्सिन बहिरबाट खरीद गर्नको लागि अनुमति दिन हुनको लागी अनुरोध छ।

दिलीप्रताप खाँण

नगर प्रमुख

नगर प्रमुख